नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ४६

मितिः-२०८२/०४/२२

नेपाल संवत् ११४५

विषयः- संयुक्त उपक्रमका नाम प्रकाशन सम्बन्धी सूचना सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. MG/१७१ मिति २०८१/०४/२१ को संयुक्त उपक्रमका नाम प्रकाशन सम्बन्धी सूचना सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८२/४/२२

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
केसरमहल, काठमाडौं, नेपाल

फोन नं. :- ९७७-०१-५९७१३०१
Email: - darta@ppmo.gov.np
Website: - www.ppmo.gov.np

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३६१
दर्ता मिति:- ४/२२

प.सं.:- ०८२/८३ (खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)
च.नं.:- MG/१६१

मिति:२०८२/०४/२१

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः सबै स्थानीय तहहरूमा जानकारी गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट च.नं. : MG।१३६, मिति २०८२।०४।१९ गते जारी भएको सूचना सबै स्थानीय तहहरूमा जानकारी गराउन वाञ्छनीय भएकोले तहाँ मन्त्रालयबाट सहजीकरण गरी सबै स्थानीय तहहरूलाई यस सूचना संलग्न गरी पत्राचार गरिदिनुहुन यस कार्यालयको मिति २०८२।०४।२१ गतेको (सचिवस्तर) निर्णयानुसार अनुरोध छ । उक्त सूचना यसै पत्रसाथ संलग्न छ ।

२०८२/०४/२१
(अद्वैत राम भण्डारी)
इन्जिनियर

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
केसरमहल, काठमाडौं, नेपाल

फोन नं. :- ९७७-०१-५९७१३०१
Email: - darta@ppmo.gov.np
Website: - www.ppmo.gov.np

प.सं.:- ०८२/८३ (खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)
च.नं.:- MG/१३६

मितिः२०८२/०४/१९

श्री सार्वजनिक निकायहरू,
सबै ।

## संयुक्त उपक्रमका नाम प्रकाशन सम्बन्धी सूचना

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद कारबाहीमा संलग्न हुने बोलपत्रदाता वा प्रस्तावदातालाई सार्वजनिक निकायले आशयको सूचना, खरिद सम्झौता गर्ने सूचना लगायत सूचना दिनुपर्ने व्यवस्था छ । यस सन्दर्भमा, दुई वा दुईभन्दा बढी कम्पनी वा फर्महरू बीच प्रचलित कानुन बमोजिम संयुक्त उपक्रम (ज्वाइन्ट भेञ्चर) भई खरिद कार्यमा सहभागी हुँदा खरिद प्रक्रियामा दिइने माथि उल्लिखित विभिन्न सूचनामा संयुक्त उपक्रमको संक्षिप्त नाममात्र प्रकाशित हुँदा अस्पष्टता र अन्योलता सृजना हुने देखिएकोले त्यस्ता सूचना प्रकाशन गर्दा संयुक्त उपक्रमका कम्पनीहरूको पूरा नाम स्पष्ट हुने गरी सूचना प्रकाशन गर्न यस कार्यालयको मिति २०८२।०४।१९ को (सचिवस्तर) निर्णयानुसार सबै सार्वजनिक निकायहरूमा अनुरोध छ ।

उदाहरणको लागि — "सार्वजनिक निकायले छोटकरीमा JNS-DNS-BNS JV उल्लेख गर्ने गरेको । यसबाट अन्य निर्माण कम्पनीसित समेत छोटकरी मिल्न जाँदा कतिपय बोलपत्र सम्बन्धी काम कारबाहीमा अन्योलता देखिएको । माथि उल्लिखित छोटकरीको नामसँग पूर्ण नाम JNS लाई Janakpur Nirman Sewa, DNS लाई Dharan Nirman Sewa र BNS लाई Birat Nirman Sewa - JV भनी स्पष्ट साथ उल्लेख गर्ने ।"

२०८२/०४/१९
(अद्वैत राम भण्डारी)
इन्जिनियर